आ.व. ०७८।०७९
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक नं. ०७।०७८।०७९
मितिः-२०७८।०९।२६ गते
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री अशोक कुमार शाही** ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति**

**नाम थर**

| पद | ठेगाना | कार्यपालिका | उपस्थिति | |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा.६ | सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य |
| श्री कमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य |
| श्री पिताम्बर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ | |
| श्री महेश्वर श्रेष्ठ | " " | " २ | |

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. १**

तानसेन नगरपालिकाको सुपथ मूल्य पसल सञ्चालन तथा प्रवर्द्धन निर्देशिका, २०७७ को आधारमा नगर क्षेत्रमा ता.न.पा.को सहयोग रहने गरी सुपथ मूल्य पसल संचालनको लागि सुपथ मूल्य पसल सञ्चालन तथा प्रवर्द्धन निर्देशिका, २०७७ वमोजिम निम्नानुसारको विवरणहरु स्वीकृत गर्न विधायन समितिको मिति २०७८।९।२५ को बैठकको निर्णय नं. २ बाट निर्णय भई आएकोले स्वीकृत गर्ने निर्णय गरियो ।

निम्न :

१. सुपथ मुल्य पसल सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना
२. सुपथ मुल्य पसल सञ्चालनको लागि निबेदनको ढाचा
३. प्रस्ताव पेश गर्ने आवेदन फाराम
४. मुल्याङ्कन फाराम
५. सुपथ मुल्य पसल सञ्चालन सम्वन्धि सम्झौता
६. सुपथ मुल्य पसल सञ्चालन सम्झौता गर्न आउने बारेको सूचना
७. समितिको पदाधिकारीहरुको व्यवस्था

साथै तानसेन नगरपालिकाको सुपथ मूल्य पसल सञ्चालन तथा प्रवर्द्धन निर्देशिका, २०७७ को आधारमा नगर क्षेत्रमा सुपथ मूल्य पसल संचालन गर्न प्रस्ताव आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाको कार्य सञ्चालनमा प्रभावकारीता ल्याउनको लागि विधायन समितिबाट निर्णय भई आएको तानसेन नगरपालिकाको प्राइभेट फर्म दर्ता एवं नवीकरण सम्बन्धी कार्यविधि, २०७८ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिका स्थित तपशिलका विद्यालयहरुको विद्यार्थी ओसार पसार गर्न बस खरिद गर्न माग भएकोमा तानसेन नगरपालिकावाट वस खरिद प्रयोजनको लागि खरिद मुल्यको ६० प्रतिशत वा १५ लाख मध्य जुन घटी हुन्छ सो मा नवढ्ने गरी उक्त विद्यालयहरुवाट बस खरिदमा कम्तिमा ४० प्रतिशत लागत सहभागिता वेहोर्ने गरि खरिद गर्ने र उक्त खरिद हुने वसमा लोगो स्पष्ट देखिने गरी तानसेन नगरपालिकावाट सहयोग प्राप्त भन्ने नेपाली र अंग्रेजी वाक्यांश लेख्नेगरी सहयोग गर्ने निर्णय गरियो ।

**तपशिल**

श्री भुसलडाडा मा.वि वडा नं. १
श्री मोहनकन्या मा.वि. वडा नं. ४
श्री शारदा मा.वि वडा नं. ८

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. ४**

तानसेन नगरपालिका स्थित पाल्पा लायन्स लाकौल आँखा अस्पतालको विरामीको संख्या बृद्धि हुदै गएकोमा उक्त अस्पतालको भौतिक संरचना थप गर्न आवस्यकता रहेको भनि माग भई आएकोले उक्त संरचना निर्माण गर्न ल.ई वमोजिम तानसेन नगरपालिकावाट ६० प्रतिशत वा २५ लाख नवढ्ने गरी पाल्पा लायन्स लाकौल आँखा अस्पतालवाट कम्तिमा ४० प्रतिशत लागत सहभागिता वहोर्नेगरी सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. ७ स्थित श्री सरस्वती मा.वि.को लागि विद्यालय सभाहल आवस्यकता रहेको भनि माग भई आएकोले उक्त विद्यालयको छतमा सभाहल निर्माण गर्नेगरी तांनसेन नगरपालिकावाट मागमा आधारित शिर्षकवाट रु. १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिका वडा नं. १३ स्थित छेर्लुङ्ग वोटं गाउँ वस्ती जाने वाटोमा वर्षायामको कारणवाट ठुलो रुख ढल्न गई वाटो अवरोध भएकोमा उक्तवाटो सफा गर्न ज्यामी ज्याला लगाउदा खर्च भएको रु. १९,२००। ता.न.पा. को नगर प्रवर्द्धधनात्मक कार्यक्रमको भु-उपयोग एवं बन तथा भु-संरक्षण कार्यक्रम शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

कृषि, खाद्य प्रविधि तथा भुमी व्यवस्था मन्त्रालयको मिति २०७८।७।२३ गतेको पत्रानुसार तानसेन नगरपालिका वडा नं. ५ भेडीचौरमा एकिकृत पशु विकास श्रोत केन्द्र स्थापनाको लागि साविक व.पो वडा नं.१ सिट नं. ०५२२ कि.नं. ४१६ क्षेत्रफल ५४२ रोपनी १२ आना को सरकारी जग्गा लिजमा माग भएकोमा उक्त जग्गा कृषि, खाद्य प्रविधि तथा भुमी व्यवस्था मन्त्रालयलाई माग वमोजिम सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाको लागि आवस्यक रहेको रोजगार संयोजक र कृषि अधिकृतको नियमानुसार प्रकृया पुरा गरी छनौट समितिवाट सिफारिस भई आएका देहायका कर्मचारीहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री राधा घिमिरे | रोजगार संयोजक (छैठौ तह) |
| श्री धन बहादुर कुमाल | कृषि विकास अधिकृत (छैठौ तह) |

पितान्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner